# मिड सोलु हाईड्रोपावर लिमिटेड
# Mid Solu Hydropower Limited

रजिष्ट्रार कार्यालय : बानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५८४
इमेल: midsolu.hydropower@gmail.com वेवसाइट: www.midsoluhydropower.com.np

## साधारण शेयरको निष्काशन तथा बिक्री बन्द सम्बन्धी सूचना

मिड सोलु हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.७४,८४,००,०००/- को २०% अर्थात् १४,९६,८०० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरेकोछ । जस मध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१०० अंकित दरका ७,४८,४०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी बाँडफाँड गरिएको र जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ७,४८,४०० कित्ता शेयर मध्ये ७४,८४० कित्ता साधारण शेयर (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको १०%) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई समेत बाँडफाँड गरिएको, १४,९६८ कित्ता कर्मचारीहरुलाई (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको २%) र ३७,४२० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरका ५%) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रु.६,२१,१७,२००/- (अक्षरेपी छ करोड एक्काईस लाख सत्र हजार दुई सय मात्र) रकम बराबरको रु. १०० अंकित दरका ६,२१,१७२ कित्ता साधारण शेयरहरु मिति २०८० भाद्र २९ गतेदेखि सर्वसाधारणमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८० आश्विन २ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु सि-आस्वा C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८० आश्विन २ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : १०,०००**

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | *आ.व. २०७९/८० चैत्र मसान्तसम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | - | १.६५ | ४.०४ | १२.९४ | १४.५४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | १०० | १०० | १०१.६५ | १०४.०४ | ११६.९७ | १३१.५२ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | - | - | - | ९,८८८ | ३०,२१५ | १२७,०२८ | २३५,८७० |

*व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | मध्य सोलु खोला जलविद्युत आयोजना। |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ९.५ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरेको मध्य सोलु खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.२१,९३,८५,६४५/०५ छ । तथा कूल लागत (IDC) सहित रु.२,०८,४१,६३,६२८/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | मध्य सोलु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमति पत्र वहाल रहने अवधि मिति २०७७/०४/२२ देखि २११२/०४/२१ गतेसम्म रहेकोले ३२ वर्ष ६ महिना बाँकी रहेको छ । |
| शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ६.९१ वर्ष र Discounted Pay Back Period १०.८७ वर्ष रहेको छ । |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB+" (pronounced ICRA NP Issuer Rating Double B+) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। ईक्रा नेपाल लिमिटेड ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति: २०८०/०३/३१ | बहाल रहने अवधि २०८१/०३/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com